**मिति २०७५ माघ १० गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. विधेयक समितिबाट सिफारिस भएका कार्यविधि, निर्देशिका स्वीकृत सम्बन्धमा ।
२. विधेयक समितिबाट सिफारिस न्यायिक समिति कार्यविधि ऐन, २०७५ सम्बन्धमा ।
३. महिला, बालबालिकाको स्वीकृत वार्षिक कार्यक्रम संसोधन सम्बन्धमा ।
४. कृषि विकासको स्वीकृत वार्षिक कार्यक्रम संसोधन सम्बन्धमा ।
५. कृषि विकास तर्फका कार्यक्रमको सूचना प्रकाशन सम्बन्धमा ।
६. खोरेत रोग र मिनरल ब्लकको औषधी खरिद र रोग नियन्त्रण सम्बन्धमा ।
७. सामाजिक सुरक्षा कार्यक्रमको लगत कट्टा सम्बन्धमा ।
८. सुदूरपश्चिम ट्राफिक प्रहरी कार्यालयका लागी खरिद एल.ई.डी. टि.भी. अनुमोदन सम्बन्धमा ।
९. सडक ग्राभेलको नपुग रकम थप सम्बन्धमा ।
१०. पर्यटन गुरु योजनाको कार्यक्रम संसोधन सम्बन्धमा ।
११. खोका, ढेला, छाप्राको दण्ड जरिवाना सम्बन्धमा ।
१२. नदीजन्य पदार्थ उत्खनन् तथा संकलनको दण्ड जरिवाना सम्बन्धमा ।
१३. मालाखेती ईटा उद्योगको नविकरण सिफारिस सम्बन्धमा ।
१४. वडा कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम संसोधन सम्बन्धमा ।
१५. बस दुर्घटना तथा जिप दुर्घटनाको काजक्रिया खर्च अनुमोदन सम्बन्धमा ।
१६. “घ” वर्ग निर्माण व्यवसायी ईजाजत पत्र संसोधन सम्बन्धमा ।
१७. “घ” वर्ग निर्माण व्यवसायी ईजाजत पत्र नामसारी, ठाउँसारी र खारेजीको सेवाशुल्क सम्बन्धमा ।
१८. मातृ भुमि समाज, काठमाण्डौको भुक्तानी सम्बन्धमा ।
१९. कक्षा ८ को आधारभूत तहको वार्षिक परिक्षा संचालन सम्बन्धमा ।
२०. वडा कार्यालयको भवन लागत साझेदारीमा निर्माण गर्न जि.स.स.लाई विवरण पठाउने सम्बन्धमा ।
२१. छाडा पशु चौपायाको वडा नं. ६ को घेरवार अनुमोदन सम्बन्धमा ।
२२. मोटरसाईकल खरिद सम्बन्धमा ।
२३. दुर्गा लक्ष्मी नमुना मा.वी.को विद्यालय गुरु योजना स्वीकृत सम्बन्धमा ।
२४. वडा नं. १२ माघे संक्रान्ती मेलाको झाकीको खर्च भुक्तानी सम्बन्धमा ।
२५. नदी नियन्त्रणका योजनामा रकम विनियोजन सम्बन्धमा ।

## निर्णय नं. १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि गोदावरी नगरपालिकाबाट तयार गरिएको ड्राफ्टलाई विधेयक समितिमा छलफल गराई समितिको राय, सुझाव सहितको कार्यपालिकामा पेश भएको तपसिल बमोजिमका कार्यविधि, निर्देशिकाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

(क) फोहोरमैला व्यवस्थापन निर्देशिका, २०७५
(ख) गोदावरी नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५
(ग) विपद ब्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७५

## निर्णय नं. २

नेपालको संविधान, २०७२ मा व्यवस्था भए अनुसार स्थानीय स्तरमा कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २० बमोजिम तेस्रो नगर सभामा गोदावरी नगरपालिकाको न्यायिक समिति कार्यविधि ऐन, २०७५ पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत खण्ड ४ अनुसूची १ को (ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिको विकास र सशक्तिकरण कार्यक्रम अन्तर्गत बुँदा नं. ५ देखि २८ सम्म इकाईको महलमा पटक शब्द राखिएकोमा यस कार्यालयको मिति २०७५/९/३ गतेको निर्णयानुसार बजेट अपुगका कारण बुँदा नं. १५ बाहेकका अन्य कार्यक्रम १ (एक) पटक गर्ने निर्णय भएकोले सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत खण्ड ४ अनुसूची १ को आर्थिक विकास योजना र कार्यक्रम (सशर्त तथा नगरपालिका कोष) अन्तर्गत (क) कृषि विकास कार्यक्रम तर्फको देहाय बमोजिमको कार्यक्रम संसोधन गर्ने भनी यस कार्यालयको मिति २०७५/९/४ गते भएको नगर प्रमुख स्तरिय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | स्वीकृत बजेट रु. | थप हुनु पर्ने बजेट रु. | घटाउनु पर्ने बजेट रु. | कायम हुने बजेट रु. |
|---|---|---|---|---|---|
| **1** | **लक्षितबर्ग उत्थान कार्यक्रम (मुक्त कमैया र दलित)** | | | | |
| 1.1 | तरकारी उत्पादन प्रदर्शन कार्यक्रम | 2,50,000 | 0 | 1,75,000 | 75,000 |
| 1.3 | च्याउ उत्पादन प्रदर्शन कार्यक्रम | 2,40,000 | 0 | 1,20,000 | 1,20,000 |
| 1.7 | तरकारी बीउ बितरण | 2,00,000 | 0 | 1,20,000 | 80,000 |
| 1.9 | प्याजको बीउ बितरण | 50,000 | 0 | 50,000 | 0 |
| **2** | **आलु तरकारी तथा मसला बाली कार्यक्रम** | | | | |
| 2.3 | टि.पि.एस. र पि.बि.एस.आलु बीउ अनुदानमा बितरण | 1,00,000 | 0 | 80,000 | 20,000 |
| 2.6 | करेशा बारीको लागि तरकारी बीउ बितरण | 6,00,000 | 0 | 3,60,000 | 2,40,000 |
| 2.7 | तरकारी उत्पादन प्रदर्शन कार्यक्रम संचालन | 3,60,000 | 0 | 2,40,000 | 1,20,000 |
| **3** | **ब्यबसायीक कार्यक्रम** | | | | |
| 3.2 | ब्यबसायीक फलफुल बिकास कार्यक्रम | 2,00,000 | 3,00,000 | | 5,00,000 |
| 3.4 | तरकारी नर्सरी स्थापनामा सहयोग | 2,40,000 | 0 | 2,40,000 | 0 |
| 3.8 | मागमा आधारित ब्यबसायीक कार्यक्रम | 20,00,000 | 10,60,000 | | 30,60,000 |
| **4** | **कृषि प्रसार कार्यक्रम** | | | | |
| 4.7 | फलफुल बीरुवा बितरण | 2,25,000 | 1,25,000 | | 3,50,000 |
| 4.11 | मिनिकिट बितरण | 2,00,000 | 0 | 1,00,000 | 1,00,000 |
| | **जम्मा** | 46,65,000 | 14,85,000 | 14,85,000 | 46,65,000 |

## निर्णय नं. ५

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत खण्ड ४ अनुसूची १ को कृषि विकास कार्यक्रम तर्फको देहाय बमोजिमका कार्यक्रमहरु संचालनका लागी सूचना प्रकाशन गरि निवेदन माँग गर्न आवश्यक भएको हुँदा सूचना प्रकाशन गरि निवेदन माँग गर्ने निर्णय गरियो ।

(क) साना सिंचाई निर्माण र मर्मत सम्भार र प्लाष्टिक पोखरी निर्माण कार्यक्रम (कृषक समूहको लागी)

(ख) व्यवसायिक केरा क्षेत्र विस्तार (कृषक/कृषि उद्यमी/कृषक समूहहरुको लागी)

(ग) व्यवसायिक फलफुल विकास कार्यक्रम (कृषक/कृषि उद्यम/कृषक समूहहरुको लागी)

(घ) फलफुल नर्सरी स्थापनामा सहयोग (कृषि उद्यमीहरुको लागी)

(ङ) माँगमा आधारित व्यवसायिक कार्यक्रम (कृषक/कृषि उद्यमी/कृषक समूहहरुको लागी)

## निर्णय नं. ६

गोदावरी नगरपालिकाको १२ वटै वडामा घरपालुवा पशु चौपायामा विभिन्न किसिमका रोगहरु देखिन थालेको हुँदा उक्त रोग नियन्ण र रोकथामका लागी देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | बजेट | स्थान |
|---|---|---|---|
| १ | खोरेत रोग नियन्त्रण तथा रोकथाम | १,५९,०००।- | १२ वटै वडामा |
| २ | मिनरल ब्लक खरिद तथा वितरण | ४,८६,०००।- | १२ वटै वडामा |
| | जम्मा | ५,४५,०००।- | |

## निर्णय नं. ७

सामाजिक सुरक्षा भत्ता नियमित खाईपाई आईरहेका र विभिन्न जिल्लाका विभिन्न गा.पा./न.पा. बाट यस न.पा.मा बसाई सरी आएका र यस न.पा.बाट सामाजिक सुरक्षा भत्ता नियमित खाईपाई आईरहेका तर प्राविधिक त्रुटीले लगत कट्टी भएका तपसिल बमोजिमका लाभग्राहीहरुको कार्यालयको मिति २०७५/७/३०, ८/९, ११ र ९/२५ गतेको निर्णयानुसार लगत कायम गरिएको हुँदा सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि. नं. | लक्षित वर्ग | परिचय पत्र नं. | नाम थर | वडा नं. | जन्ममिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य | २००००१०२१०९२ | कमली देवी भट्टराई | ४ | २०००/१/२ | लगत कट्टी हुन गएको |
| २ | पूर्ण अपाङ्ग | २०६९०८०७०१५२४ | पवित्रा कुमारी ओड | १० | २०६९/८/७ | लगत कट्टी हुन गएको |
| ३ | ५ वर्ष मुनिका दलित बालबालिका | २०७२१२०४०१२२६ | कमली देवी भट्टराई | ४ | २०७२/१२/४ | लगत कट्टी हुन गएको |
| ४ | जेष्ठ नागरिक अन्य | १९९८१२३१६०९३३ | भागरती रावत | ५ | १९९८ साल | धनगढी १३ बाट बसाई सरि आएको |
| ५ | जेष्ठ नागरिक अन्य | २००११२३१५६०४३ | पंचकली रावत | ५ | २००१ साल | धनगढी १३ बाट बसाई सरि आएको |
| ६ | अति असक्त | २०३८०९२४०००७४ | कृष्ण रावत | ५ | २०३८/९/२४ | धनगढी १३ बाट बसाई सरि आएको |
| ७ | जेष्ठ नागरिक अन्य | २०००११०५०१४९९ | ईश्वरी दत्त भट्ट | २ | २०७५/८/११ | बसाई सरी नगएकोले कायम गरिएको |
| ८ | करिव १०० जना वडा नं. ४ र वडा नं. ९ को अनुरोधमा मृतक र दोहोरो दर्ता भएकाहरुको लगत कट्टा गरिएको | | | | | |

## निर्णय नं. ८

गोदावरी नगरपालिकाको अत्तरिया बजार क्षेत्रमा CC Camera जडान भएकाले बजार क्षेत्रको सुरक्षा र निगरानीका लागी सुदूरपश्चिम प्रदेश ट्राफिक प्रहरी कार्यालय, अत्तरियालाई ५५ ईन्चको LED TV खरिद भई जडान समेत भईसकेकोले अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत खण्ड ४ अनुसूची १ को पूर्वाधार विकास कार्यक्रम तर्फको सि.नं. (२) सडक ग्राभेल शिर्षकबाट दायित्व ब्यहोर्ने गरि गत आ.व. र चालु आ.व.मा संचालित देहाय बमोजिमका योजनाहरुमा रकम अभावका कारण अधुरो रहन जाने भएकोले थप रकम विनियोजन गरि योजना सम्पन्न गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | समसाद गल्लीमा सडक ग्राभेल | वा नं. १ | १,५०,०००।- | चालु आ.व.मा सम्झौता भई कार्यसम्पन्न भएकोले अनुमोदन |
| २ | कुँवरको पसल देखी शिवगौडी विद्यालयसम्म सडक ग्राभेल | वा.नं. ११ | १,५०,०००।- | गत वर्षको योजनामा नपुग रकम थप |
| ३ | समाधी गडा ग्राभेल सडक ट्याक खोल्ने | वा.नं. ४ | १,५०,०००।- | चालु आ.व.को योजनामा नपुग रकम थप |
| | जम्मा | | ४,५०,०००।- | |

## निर्णय नं. १०

गोदावरी नगरपालिकाको दोस्रो नगरसभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत खण्ड ४ अनुसूची १ को (ङ) को १ मा गोदावरी नगर क्षेत्रभित्र रहेका विभिन्न धार्मिक तथा पर्यटकिय स्थानहरुको परिचय सहितको प्रोफाईल र गुरुयोजना निर्माण गर्ने कार्यक्रमका लागी रु. ७,००,०००।- (सात लाख) रकम विनियोजन भएकोमा यस कार्यालयको मिति २०७५/८/१७ गते भएको देहाय बमोजिमको कार्यक्रम संसोधन सम्बन्धी नगर प्रमुख स्तरिय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र. सं. | दोस्रो नगर सभाबाट स्वीकृत कार्यक्रमको नाम | स्वीकृत रकम | क्र. सं. | संसोधित कार्यक्रमको नाम | संसोधित रकम |
|---|---|---|---|---|---|
| १ | गोदावरी नगर क्षेत्रभित्र रहेका विभिन्न धार्मिक तथा पर्यटकिय स्थानहरुको परिचय सहितको प्रोफाईल र गुरुयोजना निर्माण | ७,००,०००।- | १ | पर्यटकिय गुरु योजना निर्माण | ५,००,०००।- |
| | | | २ | कर्मचारीको क्षमता विकास अभिमुखीकरण कार्यक्रम | २,००,०००।- |

**निर्णय नं. ११**

गोदावरी नगरपालिकाको बजार क्षेत्र भित्र सडक, सडक पेटीमा र भित्री गल्लीमा अव्यवस्थित रुपमा अटेर गरि खोका, ढेला, छाप्रा लगाई ब्यापार ब्यवसाय गर्ने ब्यक्ति तथा ब्यवसायीहरुको नगर प्रहरीबाट जफत गरिएका सामानहरु सम्बन्धित ब्यक्ति तथा ब्यवसायीलाई फिर्ता गर्दा सतेच सहितको कागजात गरि तपसिल बमोजिमको दण्ड जरिवाना लिने निर्णय गरियो। साथै यस अघी लिईएको जरिवानालाई अनुमोदन गर्ने समेत निर्णय गरियो।

(क) पहिलो पटकका लागी रु. ५००।- (पाँच सय)
(ख) दोस्रो पटकका लागी रु. १,०००।- (एक हजार)
(ग) तेस्रो पटकका लागी रु. २,०००।- (दुई हजार)
(घ) चौथो पटक देखी पक्रि ल्याएको सामान जफत गर्ने।

**निर्णय नं. १२**

गोदावरी नगरपालिकाको क्षेत्र भित्र रहेका नदी खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा तोकिएको क्षेत्र बाहेक निषेधित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने ब्यक्ति तथा ब्यवसायीहरुलाई तपसिल बमोजिमको जरिवाना तोक्ने निर्णय गरियो। साथै यस अघी लिईएको जरिवानालाई अनुमोदन गर्ने निर्णय समेत गरियो।

(क) पहिलो पटका लागी रु. २,५००।- (दुई हजार पाँच सय)
(ख) दोस्रो पटक देखी रु. ५,०००।- (पाँच हजार)

**निर्णय नं. १३**

घरेलु तथा साना उद्योग कार्यालय, धनगढीबाट मिति २०७१/१०/१२ गते सा.फ.द.प्र.नं. २९५ को गोदावरी नगरपालिका वडा नं. ३ स्थित मालाखेती ईटा उद्योगले आ.व. ०७५/७६ को नविकरणका लागी सिफारिस माँग गरेकोमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. २१४, मिति २०७५/२/२० गतेको पत्र मार्फत ईटा उद्योगको दर्ता नविकरण गर्दा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय मार्फत सिफारिस माँग गरेको हुँदा उक्त उद्योग संचालन गर्दा वातावरणमा कुनै असर नपर्ने भएकोले ३ नं. वडा कार्यालयको च.नं. २६४, मिति २०७५/५/२९ को पत्र समेतलाई आधार मानी नविकरणको सिफारिस दिने निर्णय गरियो।

**निर्णय नं. १४**

गोदावरी नगरपालिकाको चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक नगर विकास योजना अन्तर्गत खण्ड ४ अनुसूची २ को वडा स्तरिय योजनाहरु मध्ये देहायका योजनाहरु संसोधन गर्नु पर्ने भएकोले वडा समितिको निर्णय अनुसार सिफारिस भै आए बमोजिम संसोधन गर्ने निर्णय गरियो।

| क्र.सं. | नगरसभाबाट स्वीकृत योजना | रकम | संसोधित योजना | रकम |
|---|---|---|---|---|
| २ | वा.नं. ५ को शिक्षा तर्फको क्र.सं. २३ को खानेपानी आर्टिजनको लागी (श्री सरस्वती माध्यमिक विद्यालय) | १,००,०००।- | वा.नं. ५ को एकल महिलाको लागी बाखा पालन कार्यक्रम | ६०,०००।- |
| | | | वा.नं. ५ को मुक्त कमैया शिविरको लागी बाखा पालन कार्यक्रम | ४०,०००।- |
| २ | वा.नं. १२ को पूर्वाधार विकास ( | ८,००,०००।- | वा.नं. १२ को कोल्मुडाको | ८,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | क) सडक तथा यातायात तर्फको क्र.सं. ८६ को सिंचाई पोखरी निर्माण निर्माण मल्लो कोल्मुडा | | शिरानीमा रहेको कुलो मर्मत कार्यक्रम | |
| ३ | वा.नं. १२ को शिक्षा तर्फको क्र.सं. ६० को महिला स्वास्थ्य स्वयंम सेविका सहयोग कार्यक्रम (साईकल वितरण) | ७५,०००।- | वा.नं. १२ महिला स्वास्थ्य स्वयंम सेविका सहयोग कार्यक्रम (बाखा वितरण) | ७५,०००।- |
| ४ | वा.नं. १० को शिक्षा तर्फको क्र.सं. ४४ को घण्टेश्वर मन्दिर आधारभूत विद्यालय पर्खाल निर्माण | १,००,०००।- | वा.नं. १० को घण्टेश्व मन्दिर आधारभूत विद्यालय र वाल विकास भवनको छाना मर्मत | १,००,०००।- |

## निर्णय नं. १५

गोदावरी नगरपालिका वडा नं. १० र २ बस्ने तपसिल बमोजिमका ब्यक्तिहरुको मिति २०७५/८/६ गतेका दिन शिखर न.पा.को बान्डुरीसैनमा उग्रतारा मेलामा जाँदा बस दुर्घटनामा परि मृत्यु भएका र वडा नं. १ बस्ने दिपेन्द्र बहादुर शाहीको जिप दुर्घटनामा परि मृत्य भएकोले निजहरुका परिवारहरुको आर्थिक अवस्था कमजोर रहेको हुँदा यस कार्यालयबाट निजका परिवारहरुलाई काजक्रियाका लागी राहत स्वरुप उपलब्ध गराईएको देहाय बमोजिमको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | मृतकको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री पुरन कडायत | १० | २५,०००।- | बस दुर्घटना |
| २ | श्री शारदा बोहरा कडायत | १० | २५,०००।- | बस दुर्घटना |
| ३ | श्री केशव कडायत | २ | २५,०००।- | बस दुर्घटना |
| ४ | श्री दिपेन्द्र बहादुर शाही | १ | २५,०००।- | जिप दुर्घटना |

## निर्णय नं. १६

गोदावरी नगरपालिका नगर कार्यपालिकाको मिति २०७४/१२/२३ गतेको निर्णयानुसार “घ” वर्ग निर्माण ब्यवसायी इजाजत पत्र कार्यविधि, २०७४ स्वीकृत गरेकोमा सो कार्यविधिको दफा ८ को उपदफा (३) को ८ मा देहाय बमोजिम संसोधन गरि ८.१ बुदा थप गर्ने निर्णय गरियो ।

८.१ (क) उपदफा (३) को (८) को (ख) र (ङ) का सामानहरु कृषि प्रयोजनमा प्रयोग हुने सामग्री समेत हुने भएकोले भ्याट बिल नभए पनि मान्य हुनेछ ।

(ख) उपदफा (३) को (८) को (घ) का सामानहरु इजाजत लिने कम्पनीको नाममा आधिकारीक बिल जारी भएको वा सम्बन्धित कम्पनीको नाममा चलान भएको वा मान्यता प्राप्त बैंकमा धितो पास भएको प्रमाण वा विक्रेता कम्पनी र मालिक बिचको सम्झौता पत्र भए मान्य हुनेछ ।

## निर्णय नं. १७

सार्वजनिक निर्माणको क्षेत्रमा प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग हासिल गर्न र सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि यस कार्यालयमा दर्ता भएका तथा सम्बन्धित निकायमा दर्ता भई यस कार्यालयमा दायित्व सरि आएको “घ” वर्गका निर्माण ब्यवसायीहरुको ईजाजत पत्रको ठाउँसारी वा नामसारी गर्दा तपसिल बमोजिमको सेवा शुल्क लिई देहायको प्रक्रिया बमोजिम गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | **इजाजत पत्र नामसारी गर्दा** | ७,०००।- |
| | (क) घरेलुबाट कम्पनीको नामसारीको प्रमाण | |
| | (ख) गत आ.व.को करचुक्ता प्रमाण | |

| | | |
|---|---|---|
| | (ग) नागरिकता | |
| | (घ) लालपूर्जा (सगोलको भए मन्जुरीनामा) | |
| २ | **इजाजत पत्र ठाउँसारी गर्दा** | १०,०००।- |
| | (क) ठाउँसरी जाने स्थानीय तहको सहमती/अनुमती पत्र | |
| ३ | **इजाजत पत्र खारेजी गर्दा (स्वेछिक)** | २,५००।- |

**निर्णय नं. १८**

यस कार्यालय र मातृ भुमि समाज, काठमाण्डौ बिच मिति २०७५/५/१ गते भएको सम्झौता र मिति २०७५/८/२८गते भएको संसोधित सम्झौता अनुसार तोकिएको क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागी संस्थाको तर्फबाट हालसम्म भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

संस्थागत र सामुदायिक विद्यालयको कक्षा ८ को आधारभूत तहको वार्षिक परिक्षा संचालनको लागी चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रमको खण्ड ४ अनुसूची १ को (क) शिक्षा, खेलकुद तथा युवा कार्यक्रम अन्तर्गत २५ मा ३,६०,०००।- रकम विनियोजन भएकोमा सो रकम अपुग हुने भएकोले थप रु. ५,००,०००।- ( पाँच लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

नेपाल सरकार को मिति २०७५/९/६ गतेको मन्त्रिपरिषद्बाट स्वीकृत जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम र च.नं. ६१८, मिति २०७५/९/२५ गतेको जिल्ला समन्वय समिति, कैलालीको पत्रानुसार स्थानीय तहमा पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागी लागत साझेदारीमा आवश्यक योजना छनौट गरि पठाई दिन अनुरोध भई आएकोले यस नगरपालिकाका भित्रका सबै वडाको प्रशासनिक भवन लागत साझेदारीमा निर्माण तथा मर्मतका गर्नका लागी जिल्ला समन्वय समितिमा पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

गोदावरी नगरपालिकाका विभिन्न वडाहरुमा छाडा पशुचौपायाले बालीनीलीको नोक्सानी गरि स्थानीय वासीहरुलाई हैरानी गरिरहेको हुँदा केही वडाहरुमा छाडा पशुचौपायाको तारवार र हेरालाको व्यवस्था गरिएको हुँदा वडा नं. ६ मा पनि छाडा पशुचौपायाको व्यवस्थापनको लागी सामुदायिक वनमा प्राविधिक लागत अनुसार घेरवारको व्यवस्था गरिएकोमा सोलाई अनुमोदन गर्ने र मिति २०७५/१०/८ गते देखि लागु हुने गरि २ (दुई) जना हेरालालाई साविकमा अन्य वडाका हेरालालाई दिइदै आए सरहको पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

गोदावरी नगरपालिकाको वडा नं. ८ मा रहेको प्रहरी पोष्टका सुरक्षाकर्मीहरुले सुरक्षाका लागी गस्ती, स्थानीयको सुरक्षाको लागी अहोरात्र खटिनु पर्ने भएको हुँदा यातायातका साधनको अभावमा नियमित गस्ती र सुरक्षा प्रवन्ध मिलाउन समस्या परेको भनी वडाबाट सिफारिस भई आएको हुँदा मर्मत र इन्धनको दायित्व सुरक्षा निकायबाट हुने गरि उक्त प्रहरी पोष्टका लागी १ (एक) थान मोटरसाईकल खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो । साथै १ (एक) थान मोटरसाईकल सूचना प्रविधि अधिकृतका लागी समेत खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

गोदावरी नगरपालिका वडा नं. २ स्थित दुर्गालक्ष्मी नमुना मा.वि., अत्तरिया कैलालीको नमुना विद्यालय गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

गोदावरी न.पा. वडा नं. ४ स्थित प्रसिद्ध तिर्थस्थल गोदावरी धाममा माघे संक्रान्ती मेलाका अवसरमा मिति २०७५ पौष ३० गते देखी माघ १२ गतेसम्म सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीज्यूबाट उद्घाटन भएको बाह्र

राशी मकर मेलाको उद्घाटनमा वडा नं. १२ बाट बाजागाजा सहित सांस्कृतीक झाँकीको प्रदर्शन गरिएकोमा झाँकी प्रदर्शनमा खर्च भएको रकम रु. १५,०००।- चा.लु. आ.व. ०७५/७६ को वार्षिक कार्यक्रमको खण्ड ४ अनुसूची १ को (ङ) धर्म संस्कृती, कला, मठ मन्दिरको बुँदा नं. २ को विभिन्न जातजातीको भाषा, कला, संस्कृती संरक्षण कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

गोदावरी नगरपालिकाको दोस्रो नगर सभाबाट चालु आ.व. ०७५/७६ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार खण्ड ४ अनुसूची १ पूर्वाधार विकास तर्फको बुँदा नं. ६ मा नदी नियन्त्रणका लागी रु.१,५६,००,०००।- रकम विनियोजन भएकोमा सोही शिर्षकबाट दायित्व ब्यहोर्ने गरि देहाय बमोजिमका योजनाहरुमा तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | वा.नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | १ | ईटाभट्टीको पूर्व पट्टी खैराना खोलामा तटवन्धन | २४,००,०००।- |
| २ | १ | गुहेश्वरी टोल पछाडी खैराना खोलामा तटवन्धन | |
| ३ | १ | माथिल्लो चैतन्यपुर उत्तर तिर खैराना खोलामा तटवन्धन | |
| ४ | १ | मनहरा खोलाको पूर्व पट्टी खैराना खोलामा तटवन्धन | |
| ५ | १ | बिजयनगरको तल्लो कुना डाडा टोल जाने बाटो निर तटवन्धन | |
| ६ | १ | भालु खोला भरतपुर पछाडी तिर तटवन्धन | |
| ७ | २ | बिष्ट टोलको नर्सरीको पछाडी गोदावरी नदीमा तटवन्धन | १७,००,०००।- |
| ८ | २ | पुष्पाञ्जली स्कूल पछाडी गोदावरी नदीमा तटवन्धन | |
| ९ | २ | महरा कटानको पश्चिम पट्टी गोदावरी नदीमा तटवन्धन | |
| १० | २ | शिव मन्दिरको उत्तर पट्टी तटवन्धन | |
| ११ | ३ | ताम्राकार कटान नजिक गोदावरी नदीमा तटवन्धन | १३,००,०००।- |
| १२ | ३ | बोजिया कटानको अग्लो ढिस्को नजिक गोदावरी नदीमा तटवन्धन | |
| १३ | ३ | मुक्ति सिविरको पश्चिम तिर मोहना नदीमा तटवन्धन | |
| १४ | ४ | हर्क ब. शाहको घरबाट पूर्वपट्टी खैराना खोलामा तटवन्धन | १०,००,०००।- |
| १५ | ४ | मोटेसाल देखी पूर्वपट्टी खैराना खोलामा तटवन्धन | |
| १६ | ४ | खनालको घर देखी पश्चिम शान्ती टोलमा तटवन्धन | |
| १७ | ४ | श्याम भट्टको घर देखी पश्चिम कुनामा बसन्त टोलमा तटवन्धन | |
| १८ | ५ | कृषि माछापालन तालनिर तटवन्धन | ७,००,०००।- |
| १९ | ५ | भैरव टोल माछापालन ताल पछाडी तटवन्धन | |
| २० | ५ | नरुवा नाला धामीको घर अगाडी तटवन्धन | |
| २१ | ५ | सुनी खोला कल्भर्ट नजिक तटवन्धन | |
| २२ | ६ | शैलेश्वरी स्कूलको पूर्व खोलामा तटवन्धन | ११,००,०००।- |
| २३ | ६ | कोलीकटान स्कूल नजिक खैराना खोलाको छेउमा तटवन्धन | |
| २४ | ६ | बड्यापुल नजिक खोलाको छेउमा तटवन्धन | |
| २५ | ६ | लिलाधर चोखालको घर नजिक बाटो छेउमा तटवन्धन | |
| २६ | ६ | खैराना खोला नवदुर्गा स्कूल छेउमा तटवन्धन | |
| २७ | ६ | गडतब्य खोला नजिक मदन ब. सिंहको छेउमा तटवन्धन | |
| २८ | ७ | प्रेम ब. बमको पश्चिम पट्टी खैराना खोलामा तटवन्धन | १०,००,०००।- |
| २९ | ७ | शंकर कामीको पश्चिम पट्टी खैराना खोलामा तटवन्धन | |
| ३० | ७ | श्रीलंका टोल दक्षिण टेक ब. रावल घर नजिक तटवन्धन | |

| | | | |
|---|---|---|---|
| ३१ | ७ | गडतब्य खोला बिष्ट टोलको पश्चिम पट्टी तटवन्धन | |
| ३२ | ८ | खुटिया नदी घग्राचकटलामा तटवन्धन | १४,००,०००।- |
| ३३ | ९ | अर्जुनी कटान अगाडी खुटिया नदीमा तटवन्धन | ८,००,०००।- |
| ३४ | १० | श्रीलंका टोलको दक्षिण पट्टी दुधेपानी खोलामा तटवन्धन | १८,००,०००।- |
| ३५ | १० | मुक्ति शिविरको पश्चिम तिर तटवन्धन | |
| ३६ | १० | छबी बोहराको घर पछाडी तटवन्धन | |
| ३७ | १० | नक्कुल तामाङको घर पछाडी तटवन्धन | |
| ३८ | १० | सिउडी कल्भर्ट नजिक तटवन्धन | |
| ३९ | १० | मिन ब. बोहराको काकीको घर नजिक तटवन्धन | |
| ४० | १० | बिस्पत चौधरीको घर पछाडी तटवन्धन | |
| ४१ | १० | घण्टेश्वर मन्दिर जाने बाटोको मल्लोपट्टी दुधेपानी खोलामा तटवन्धन | |
| ४२ | १० | शहरी स्वास्थ्य क्लिनिकको अगाडी तिर खमौरामा तटवन्धन | |
| ४३ | ११ | बिउरी खोलामा तटवन्धन | ५,००,०००।- |
| ४४ | ११ | चाक्लेखोला बाङ्गेसाल देखी पूर्वतिर तटवन्धन | |
| ४५ | १२ | गोदडा छिल टुडेल्ला खोलामा तटवन्धन | १९,००,०००।- |
| ४६ | १२ | आदर्स बस्ती टुडेल्ला खोलामा तटवन्धन | |
| ४७ | १२ | शारदा बस्ती गडबडी खोलामा तटवन्धन | |
| ४८ | १२ | सोट्यास बस्ती मछेली खोलामा तटवन्धन | |
| ४९ | १२ | सोट्यास सिंचाई कुलोमुनी तटवन्धन | |
| ५० | १२ | बड्डी कुलो कोलमुडा बस्तीको सिंचाई कुलोमा तटवन्धन | |
| ५१ | १२ | जनप्रभात टोलमा देउवाको घर पछाडी तिर तटवन्धन | |
| ५२ | १२ | झोलुङ्गे पुल नजिक तटवन्धन | |
| | | जम्मा | १,५६,००,०००।- |